**Citizens Bank International Limited**
Narayanhiti Path, Kathmandu, Nepal
Tel: +977-1-4427842, 4427843, 4427824
Fax: +977-1-4427044, P.O.Box: 19681
E-mail: info@ctznbank.com
URL: www.ctznbank.com
Swift Code: CTZNNPKA

Ref:CBIL/COM/080/81-615

मिति: २०८०/०६/०४

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड,
सिंहदरबार, काठमाण्डौं ।

**विषय: सत्रौं वार्षिक साधारण सभा बस्ने जानकारी सम्बन्धमा ।**

महोदय,

यस बैंकको मिति २०८०/०६/०४ गते बसेको संचालक समितिको ४२९ औं बैठकले निर्णय गरे अनुसार यस बैंकको सत्रौं वार्षिक साधारण सभा निम्न लिखित मिति, स्थान र समयमा निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको व्यहोरा तहाँको जानकारीका लागि अनुरोध छ ।

**१. सभा हुने मिति, स्थान र समय**

सभा हुने मिति :-२०८० साल असोज महिना २६ गते (तदअनुसार अक्टोबर १३, २०२३) शुक्रबार
स्थान :-अमृतभोग, कालिकास्थान, डिल्लीबजार, काठमाण्डौं ।
सभा सुरु हुने समय :- बिहान ११:०० बजे ।

**२. छलफलका विषयहरु :**

**क. साधारण प्रस्तावहरु**

१. आ.व. २०७९/०८० को सञ्चालक समितिको वार्षिक प्रतिवेदनमाथि छलफल गरी पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहित २०८० आषाढ मसान्तको बैंक तथा बैंकको सहायक कम्पनीहरु सहितको एकीकृत वासलात र मिति २०७९/०४/०१ देखि २०८०/०३/३१ सम्मको नाफा नोक्सानको हिसाब तथा सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरुमाथि छलफल गरी पारित गर्ने ।
३. सञ्चालक समितिबाट प्रस्ताव गरे अनुसार ५.७९ प्रतिशतका दरले हुन आउने रु. ८२,२१,६१,६५२.९६ बराबरको नगद लाभांश (लाभांश कर समेत) वितरण गर्न स्वीकृत गर्ने ।
४. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. २०८०/०८१ को लेखापरीक्षण गर्न लेखापरीक्षण समितिको सिफारिसमा लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने । (कम्पनी ऐन, २०६३ को दफा १११(३) बमोजिम बहालवाला लेखापरीक्षक श्री **जे.के. एण्ड एसएस एसोसिएटस,** चार्टड एकाउन्टेन्टस् पुनः नियुक्त हुन योग्य हुनुहुन्छ ।)
५ बैंकको नियमावली अनुसार समूह 'क' का संस्थापक शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने संचालक पद ३ (तीन) र समूह 'ख' का सर्वसाधारण शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने संचालक पद १(एक) को निर्वाचन गर्ने ।

**Citizens Bank International Limited**
Narayanhiti Path, Kathmandu, Nepal
Tel: +977-1-4427842, 4427843, 4427824
Fax: +977-1-4427044, P.O.Box: 19681
E-mail: info@ctznbank.com
URL: www.ctznbank.com
Swift Code: CTZNNPKA

**ख. विशेष प्रस्तावहरु**

१. सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड र अन्य उपयुक्त बैंक तथा वित्तीय संस्थाहरु एक आपसमा गाभ्ने र गाभिने (मर्ज गर्न) वा प्राप्ति (एक्विजिसन) गर्न तथा वैदेशिक रणनीतिक साझेदारीमा जान उपयुक्त देखिएमा बैंकको चलअचल सम्पत्ति र दायित्व तथा कारोबारको मूल्याङ्कन गर्न राष्ट्रिय वा अन्तराष्ट्रिय मान्यता प्राप्त मूल्याङ्कनकर्ता नियुक्ति गर्न तथा गाभ्ने वा गाभिने वा प्राप्ति गर्ने सम्बन्धी प्रारम्भिक तथा अन्तिम सम्झौता गर्न र सो प्रक्रिया पुरा गर्न आवश्यक पर्ने सम्पूर्ण कार्य गर्नको लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

**ग. विविध**

भवदीय

राजेन्द्र लाल श्रेष्ठ
कम्पनी सचिव